# अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८२/०८/०९ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरणः-

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगको माग दावी तथा विशेष अदालतको फैसला | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादीहरु मोहिबुल अन्सारी, ओम कुमार महतो, श्याम किशोर मण्डल, सदरुन निसा, विपिन विहारी यदुविर, पनु राय भन्ने पनु राय यादव, शेष सराहत, नाजना खातुन र शेष समिउल्लाह<br>मु.नं. (०८०-CR-०१२४)<br>फैसला मिति २०८१/०२/०९ | गैरकानुनी लाभहानि पुऱ्याउने बदनियतले काम गरी भ्रष्टाचार गरेको। | **आयोगको माग दावी**<br>• **<u>सम्सी गाउँपालिकाका तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत मोहिबुल अंसारी, सवइञ्जिनियर श्याम किशोर मण्डल र योजना शाखा प्रमुख, सहायक पाँचौं ओम कुमार महतोका हकमाः</u>** बेचन पण्डित इसराफिल वडा सदस्यको घर हुँदै इदगाह हुँदै उमरपुर चौकसम्म ढलान र नाला निर्माण उपभोक्ता समितिलाई रु.४,०३,५८१।३७ (चार लाख तीन हजार पाँच सय एकासी रुपैयाँ सट्तीस पैसा) बढी रकम भुक्तानी दिएको देखिँदा निज **प्रतिवादीहरु मोहिबुल अंसारी, श्याम किशोर मण्डल, ओम कुमार महतो**ले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ग) र (ङ) बमोजिमको कसुर गरेको हुदा बिगो रु.४,०३,५८१।३७ (चार लाख तीन हजार पाँच सय एकासी रुपैयाँ सट्तीस पैसा) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिवाना गरी प्रतिवादीहरुबाट बिगो असुल उपर हुन मागदाबी लिइएको छ । साथै गलत अनुगमन प्रतिवेदन दिएको देखिन आएको हुँदा निज **प्रतिवादीहरु मोहिबुल अंसारी, श्यामकिशोर मण्डल र ओम कुमार महतोलाई** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना समेतको सजाय हुन मागदाबी लिइएको छ ।<br>• **<u>सम्सी गाउँपालिकाका तत्कालीन गाउँपालिका अध्यक्ष शेष फारुक र निजकी श्रीमती सदरुन निसाका हकमाः</u>** बेचन पण्डित इसराफिल वडा सदस्यको घर हुँदै इदगाह हुँदै उमरपुर चौकसम्म ढलान र नाला निर्माण उपभोक्ता समितिलाई रु.४,०३,५८१।३७ (चार लाख तीन हजार पाँच सय एकासी रुपैयाँ सट्तीस पैसा) बढी रकम भुक्तानी दिएको पुष्टि भएको हुँदा निज प्रतिवादी शेष फारुकले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ग) र (ङ) र सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिमको कसुर गरेको हुँदा निजलाई बिगो रु.४,०३,५८१।३७ (चार लाख तीन हजार पाँच सय एकासी रुपैयाँ सट्तीस पैसा) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र | **फैसलाः**<br>प्रतिवादीलाई सफाई दिने गरी भएको फैसला।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः**<br>• अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विभिन्न मितिमा दुईपटक नापजाँच गरी प्रस्तुत गरिएको जाँच प्रतिवेदनमा लगत इस्टिमेट बमोजिमको कार्यको परिणाममा एकरुपता भएको नपाइएको।<br>• मिति २०८०।०३।०५ को स्थलगत नापजाँच मुचुल्कामा कल्भर्टको नापजाँच पूर्ण रुपमा नगरेको तथ्य जाँच प्रतिवेदक मनिष कर्माचार्यले अदालतमा बकपत्र गर्दा स्वीकार गरेको । | • जिल्ला महोत्तरी सम्सी गाउँपालिका वडा नं.६ मा सञ्चालन भएको बेचन पण्डितको घरदेखि इसराफिल वडा सदस्यको घर हुँदै इदगाह हुँदै उमरपुर चौकसम्म सडक पी.सी.सी. ढलान योजनाको लागी **आ.व २०७७/०७८ मा उपभोक्ता समिति मार्फत निर्माण गर्न जम्मा रु.९०,००,०००।००(अक्षेरुपि नब्बे लाख) गाँउपालिकाबाट विनियोजन भई उपभोक्ता समितिले रु.९,८१,३८१।०९ व्यहोर्ने र मिति** २०७८।०३।१५ गते सम्ममा कार्य सम्पन्न गर्ने गरी मिति २०७७।१२।१८ गते सम्झौता भएको उक्त योजनामा लागत अनुमान, नापी किताब र कार्यसम्पन्न प्रतिवेदनका आधारमा जम्मा रु.८७,२८,३०६।०५ भुक्तानी भएकोमा उक्त योजनामा अनियमितता भन्ने समेत व्यहोराको उ.द.नं. ७८७९C-००४२९२ मिति २०७८/०४/२९ गतेको उजुरी आयोगमा दर्ता भई अनुसन्धान शुरु भएको प्रस्तुत मुद्दामा मिति २०८०/०३/०५ गते अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, वर्दिबासबाट खटिएको टोलीले बेचन पण्डित इसराफिल वडा सदस्यको घर हुँदै इदगाह हुँदै उमरपुर चौकसम्म पी.सी.सी. ढलान र नाला निर्माण योजनाको पुनः स्थलगत नापजाँच गर्ने क्रममा गरिएको मुचुल्कामा उक्त योजनाको कार्य सम्पन्न भइसकेको र सो नापजाँचको आधारमा इञ्जिनियर मनिष कर्माचार्यले पेश गरेको स्थलगत नापजाँच तथा प्राविधिक प्रतिवेदनमा उल्लिखित योजनाको नापी किताब अनुसार सि.नं.६ मा 1st Class Brick Masonry in 1:4 c/s mix ratio रु.२५,५०९१।१४, सि.नं.७ मा 12.5 mm thick cement plaster in 1:4 ratio रु.६,९३४।६६, सि.नं.८ मा 3mm thick cement rubbing रु.६,२५६।४८ र सि.नं.११ मा M15(1:2:4 mix) PCC Work in foundation (including form work) रु.१३५,२९९।१० समेतको काममा जम्मा रु.४,०३,५८१।३७ बराबरको रकम बढी भुक्तानी भएको देखिएको र निज इञ्जिनियर मनिष कर्माचार्यले अदालतमा गरेको बकपत्र समेतवाट उक्त योजनामा यी प्रतिवादीहरुले नभए नगरेको काम नापी किताबमा देखाई बढी भुक्तानी भ्रष्टाचारजन्य कार्य गरेको तथ्य प्रमाणित भई रहेको अवस्थामा उक्त प्रमाणको विश्लेषण नगरी भएको फैसला त्रुटिपूर्ण देखिदा बदरभागी छ।<br>• उक्त सडकको पी.सी.सी. ढलान तथा नाला निर्माण योजनाका छानबिनको लागी अख्तियार दुरुपयोग अनुसन्धान आयोग को कार्यालय बर्दिवासबाट खटिएको ईन्जिनियर सुलभ सिग्देल समेतको टोलीले स्थलगत नापजाँच तथा प्राविधिक प्रतिवेदन एवं सर्जमिन मुचुल्का गर्दा नापी किताव अनुसार सि.नं.६ मा 1st Class Brick Masonry in 1:4 c/s mix ratio, सि.नं.७ मा 12.5 mm thick cement plaster in 1:4 ratio, सि.नं.८ मा 3mm thick cement rubbing र सि.नं.११ मा M15(1:2:4 mix) PCC Work in foundation (including form work) को कार्यमा कैफियत देखिएको रु.४,०९,८०३।—बराबरको रकम बढी भुक्तानी गरेको भनि मिति २०७९/०९/२० गतेको प्रतिवेदन पेश गरेको देखिदा सो योजनामा काम नै नगरेको बिबरण नापी किताव तथा कार्य सम्पन्न प्रतिवेदनमा उल्लेख गरेको बढी रकम भुक्तानी गरेको तथ्य स्पष्ट भएको देखिन्छ। प्रस्तुत मुद्दाको विस्तृत अनुसन्धानको शिलशिलामा मिति २०८०।०३।०५ मा आयोगका इञ्जिनियर मनिष कर्माचार्य समेत पेश गरेको स्थलगत नापजाँच तथा प्राविधिक प्रतिवेदनमा उल्लिखित योजनाको नापी किताब अनुसार सि.नं.६ मा 1st Class Brick Masonry in 1:4 c/s mix ratio रु.२५,५०९१।१४, सि.नं.७ मा 12.5 mm thick cement plaster in 1:4 ratio रु.६,९३४।६६, सि.नं.८ मा 3mm thick cement rubbing रु.६,२५६।४८ र सि.नं.११ मा M15(1:2:4 mix) PCC Work in foundation (including form work) रु.१३५,२९९।१० समेतको काममा जम्मा रु.४,०३,५८१।३७ बराबरको रकम बढी भुक्तानी भएको देखिएकोले मिति २०७९/०९/२० र मिति २०८०।०३।०५ मा भएको दुबै समयमा स्थलगत नाँपजाँच एवं मुचुल्काले गर्दा उक्त योजनामा काम नै नभएको विवरण नापीकिताव एवं कार्यसम्पन्न प्रतिवेदनमा उल्लेख गरि बढी |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | बिगो बमोजिमको जरिवाना गरी बिगो असुल उपर हुन र सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम समेत कैद र जरिवानाको सजायको मागदावी लिनुपर्ने देखिएता पनि निज प्रतिवादीको मिति २०८०।०५।०४ गते मृत्यु भएको मृत्यु दर्ता प्रमाणपत्रबाट देखिएकोले निज उपर मुलुकी फौजदारी कार्यविधी संहिता, २०७४ को दफा १३३ को उपदफा (२), सोही संहिताको दफा १५८ को उपदफा (२), अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९क. र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४६ बमोजिम मृत्यु भएको प्रतिवादीको हकमा समेत मुद्दा चलाउन र सरकारी वा निजि विगो, क्षतिपुर्ति वा रकम भराउन सकिने कानुनी व्यवस्था रहेकोले प्रतिवादी **शेष फारुकको श्रीमती सदरुन निसा** समेतबाट प्रतिवादी शेष फारुकले जिवित हुँदा माथि उल्लेखित कसूर गरी नेपाल सरकारलाई हानि पुर्‍याएको बिगो रु.४,०३,५८१।३७ (चार लाख तीन हजार पाँच सय एकासी रुपैयाँ सट्तीस पैसा) असुल उपर हुन मागदावी लिइएको छ ।<br>• **बेचन पण्डित इसराफिल वडा सदस्यको घर हुँदै इदगाह हुँदै उमरपुर चौकसम्म सडक पी.सी.सी. ढलान र नाला निर्माण अनुगमन समिति सदस्य पनु राय यादव र विपिन विहारी यदुविरका हकमा:**<br>• प्रतिवादीहरू पनु राय यादव र विपिन बिहारी यदुविरले बेचन पण्डित इसराफिल वडा सदस्यको घर हुँदै इदगाह हुँदै उमरपुर चौकसम्म सडक पी.सी.सी. ढलान र नाला निर्माण योजनाको निर्माण कार्य स्वीकृत लागत अनुमान बमोजिम नै काम भएको भन्ने व्यहोराको गलत अनुगमन प्रतिवेदन दिएको देखिँदा निज प्रतिवादीहरू पनु राय यादव र विपिन बिहारी यदुविरले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुर गरेको हुदा निज प्रतिवादीहरूलाई सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिमको कैद र जरिवानाको सजाय हुन माग दाबी लिइएको छ ।<br>• बेचन **पण्डित इसराफिल वडा सदस्यको घर हुँदै इदगाह हुँदै उमरपुर चौकसम्म सडक पी.सी.सी. ढलान र नाला निर्माण उपभोक्ता समितिका अध्यक्ष शेष सराहत, सचिव नाजना खातुन र कोषाध्यक्ष शेष समिउल्लाहका हकमा:**<br>• प्रतिवादीहरु शेष सराहत, नाजना खातुन र शेष समिउल्लाहले बेचन पण्डित इसराफिल वडा सदस्यको | | भुक्तानि गरि सरकारी सम्पतिको हानी नोक्सानी गरेको तथ्य पुष्टि भई रहेको अवस्था देखिदा देखिदै सो प्रमाणको अन्यथा ब्याख्या गरि प्रतिबेदनहरुमा एकरुपता नदेखिएको भन्ने अर्थ गरि प्रतिवादीहरुलाई सफाई दिने ठहर गरि भएको फैसला त्रुटिपूर्ण हुदाँ बदरभागी छ।<br>• उक्त सडक पी.सी.सी. ढलान र नाला निर्माण योजनामा सम्सी गाउँपालिकाको तत्कालीन निमित्त **प्रमुख प्रशासकीय अधिकृत प्रतिवादी मोहिबुल अंसारीले** उक्त पी.सी.सी. ढलान र नाला निर्माण योजनाको लागत अनुमान स्वीकृत गरेको, सम्झौता गरेको, कार्यदिश दिएको, गलत नापी किताब, भुक्तानी सम्बन्धी बिल, कार्यसम्पन्न प्रतिवेदन स्वीकृत गरेको, स्वीकृत लागत अनुमान बमोजिमको कार्य भएको भनी अनुगमन प्रतिवेदन दिएको, बिल अनुसारको भुक्तानी प्रक्रिया अगाडि बढाउन मुनासिव देखिएको राय सहितको टिप्पणी आदेश सदर गरेको देखिन्छ। उक्त पालिकाका **सव ईन्जिनियर प्रतिवादी श्यामकिशोर मण्डलले** उक्त योजनाको लागत अनुमान तयार गरेको, गलत नापी किताब, बिल र कार्यसम्पन्न प्रतिवेदन तयार गरेको देखिन्छ। साथै उक्त पालिकाको योजना शाखाको प्रमुख (सहायक पाँचौ) **प्रतिवादी ओम कुमार महतोले** योजनाको बिल अनुसार भुक्तानी प्रक्रिया अगाडि बढाउन मुनासिव देखिएको राय सहितको टिप्पणी आदेश पेश गरेको र सोही योजनाको स्थलगत अनुगमन गरी अनुगमन प्रतिवेदन समेत दिएको देखिन्छ। यसै गरी यिनै प्रतिवादी मोहिबुल अंसारीले उल्लिखित योजनाको आफू स्वयम्ले स्थलगत रूपमा अनुगमन गरेको र स्वीकृत लागत अनुमान बमोजिमको कार्य भएको व्यहोरा सहित गलत अनुगमन प्रतिवेदन दिएको, वास्तविक रूपमा भएको काम भन्दा बढी परिमाणको काम भएको भनी नापी किताब र कार्यसम्पन्न प्रतिवेदन स्वीकृत गरेको पुष्टि हुन आएको, प्रतिवादी श्यामकिशोर मण्डलले उल्लिखित योजनाको आफू स्वयम्ले स्थलगत रूपमा अनुगमन गरेको र वास्तविक रूपमा भएको कामभन्दा बढी परिमाणको काम भएको भनी नापी किताब र कार्यसम्पन्न प्रतिवेदन तयार गरी पेश गरेको, प्रतिवादी ओम कुमार महतोले उल्लिखित योजनाको आफू स्वयंले स्थलगत रूपमा अनुगमन गरेको र स्वीकृत लागत अनुमान बमोजिमको कार्य भएको व्यहोरा सहित गलत अनुगमन प्रतिवेदन दिएको देखिन आएकोले यि प्रतिवादीहरु मोहिबुल अंसारी, श्यामकिशोर मण्डल र ओम कुमार महतोले जानी जानी गलत प्रतिबेदन दिई बढी भुक्तानीको आधार बनाई उपभोक्ता समितिलाइ फाईदा र गाँउपालिकालाई हानी नोक्सानी गर्ने उदेश्यले उक्त लिखत कागज तयार गरेको तथ्य लिखित प्रमाणबाट पुष्टि हुदाँ हुदाँ सो प्रमाणलाई स्वीकार नगरी भएको फैसला त्रुटिपूर्ण हुदाँ बदरभागी छ।<br>• उक्त योजनाको उपभोक्ता समितिका अध्यक्ष शेष सराहत, सचिव नाजना खातुन र कोषाध्यक्ष शेष समिउल्लाहले सडक पी.सी.सी. ढलान र नाला निर्माण योजनामा वास्तविक रूपमा गरेको भन्दा बढी काम गरेको झुटा नापी किताब, कार्यसम्पन्न प्रतिवेदन तयार गर्ने, पेश गर्ने, झुठ्ठा बिल भर्पाई पेश गरी रु.४,०३,५८१।३७ (चार लाख तीन हजार पाँच सय एकासी रुपैयाँ सट्तीस पैसा) बढी भुक्तानी लिएको देखिएको तथ्य मिसिल संलग्न प्राविधिकको प्रतिबेदन एवं सोलाई पुष्टि हुने गरि अदालत गरि दिएको बकपत्रबाट पुष्टि भई रहेको अवस्थामा निज प्रतिवादीहरुलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसुरमा सजाय गर्नु पर्नेमा सफाई दिने ठहर गरी भएको फैसला त्रुटिपूर्ण हुदाँ बदर भागी छ।<br>• प्रमाण ऐन, २०३१ को दफा २० मा प्रचलित नेपाल कानून बमोजिम कुनै काम, घटना वा अवस्थाका सम्वन्धमा कुनै टिप्पणी वा प्रतिवेदन तयार गरि कुनै खास ठाँउ वा कार्यालयमा पेस गर्नु पर्ने कानूनी कर्तब्य भएका ब्यक्तिले आफनो कर्तब्य पालनको शिलसिलामा लेखेको त्यस्तो टिप्पणी वा प्रतिवेदन प्रमाणमा लिन हुन्छ भन्ने कानूनी ब्यवस्था रहेको देखिन्छ।सोही ऐनको दफा १८ मा कुनै काम घटना वा अवस्थाका सम्वन्धमा भएको अनुसन्धान वा जाँचबुझको शिलशिलामा प्रचलित नेपाल कानुन बमोजिम तयार बएको कुनै लिखतमा उल्लेख भएको कुनै कुरा सो कुरा ब्यक्त गर्ने ब्यक्ति साक्षीको रुपमा अदालतमा उपस्थित भइ बयान गरेमा प्रमाणमा लिन हुन्छ भन्ने कानूनी ब्यवस्था रहेकोले प्रस्तुत मुद्दा स्थलगत नापजाँच गरि प्राविधिक प्रतिवेदन गर्ने साक्षी इन्जिनियर मनिष कर्माचार्य अदालतमा उपस्थित भई बकपत्र गर्दा आफ्नो प्रतिवेदनलाई |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | घर हुँदै इदगाह हुँदै उमरपुर चौकसम्म सडक पी.सी.सी. ढलान र नाला निर्माण योजनामा वास्तविक रूपमा गरेको भन्दा बढी काम गरेको झुटा नापी किताब, कार्यसम्पन्न प्रतिवेदन तयार गर्ने, पेश गर्ने, झुठ्ठा बिल भर्पाई पेश गरी रु.४,०३,५८१।३७ (चार लाख तीन हजार पाँच सय एकासी रुपैयाँ सट्तीस पैसा) बढी भुक्तानी लिएको देखिएको हुँदा निज **प्रतिवादीहरु शेष सराहत, नाजना खातुन र शेष समिउल्लाहलाई** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसुरमा विगो रु.४,०३,५८१।३७ (चार लाख तीन हजार पाँच सय एकासी रुपैयाँ सट्तीस पैसा) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम सजाय गरी बिगो समेत जफत हुन माग दाबी लिइएको छ ।<br>**अदालतको फैसला**<br>• **प्रस्तुत मुद्दामा अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट अनुसन्धानको क्रममा दुईपटक नापजाँच गरेको देखिएको, जाँच प्रतिवेदनहरुमा एकरुपता नदेखिएको, कार्यसम्पन्न भएको दुई वर्ष पछि गरिएको नाँपजाँचबाट सडकको प्रकृति र बनावटमा केही फरक पर्नु स्वभाविक नै देखिएको समेत आधारमा प्रतिवादीहरु मोहिबुल अन्सारी, ओम कुमार महतो, श्याम किशोर मण्डल, सदरुन निसा, विपिन बिहारी यदविरङड, पनु राय भन्ने पनु राय यादव, शेष सराहत, नजना खातुन, शेष समिउल्लाहले आरोप दावीबाट सफाई पाउने गरी फैसला भएको देखिन्छ।** | | सोधपुछ जिरह प्रक्रियामा समेत पुष्टि हुने गरी *"मिति २०८०।०३।०५ को स्थलगत मुचुल्का ठीक हो, कल्भर्ट पछाडिको नालाको Retaining Wall जमिनमुनिसम्म रहेको कारण सोको नापजाँच नगरी गाउँपालिकाको प्राविधिकले नापी किताबमा जति क्वान्टिटी राखेको हो सोही क्वान्टिटी नापजाँचमा राखेको हो* भनी स्पष्ट रुपमा लेखाइदिएको देखिदा देखिदै Cross Examination बाट पुष्टि भएको प्रमाणलाई विश्वासनीय भएन भन्ने जस्ता आत्मगत तर्क द्वारा विश्लेषण गरी उक्त प्रमाणलाई Deny गरी भएको फैसला त्रुटिपूर्ण रहेकोले बदरभागी छ। यसै सन्दर्भमा सम्मानित सर्वोच्च अदालतबाट नेपाल सरकार वि. वैद्यनाथ पण्डितको मुद्दामा (**ने.का.प. २०६४ वैशाख, अंक १, नि.नं. ७८०९**) "प्रमाण ऐन, २०३१ को दफा ५० बमोजिम जिरह समेत भएको साक्षीको बकपत्रलाई Legally admissible evidence को रुपमा अदालतले Direct evidence मा लिनुपर्ने" भनी प्रतिपादित सिद्धान्त रहेकोले उक्त कानुनी व्यवस्था र नजिर सिद्धान्त विपरीत भएको फैसला त्रुटिपूर्ण भई बदरभागी छ ।<br>• प्रस्तुत मुद्दाका प्रतिवादीहरुले अनुसन्धान क्रममा तथा अदालतमा समेत इन्कारी बयान गरे तापनि बढी रकम भुक्तानी भएको तथ्यलाई स्थलगत नापजाँच तथा प्राविधिक प्रतिवेदनबाट पुष्टि भएकै देखिन्छ । तसर्थ प्रतिवादीहरुको इन्कारी बयान आफैंमा प्रमाण बन्न सक्दैन, त्यसलाई स्वतन्त्र प्रमाणले पुष्टि र समर्थन (Corroborate) गरेको हुनुपर्छ । यसै सन्दर्भमा सम्मानित सर्वोच्च अदालतले झल्ला भन्ने ओशाद खाँ वि. नेपाल सरकार भएको मुद्दामा *"कुनै अभियोग लागेको अभियुक्तले कसुर सम्बन्धी कुरामा साबिती भएको वा इन्कारी गरेको निजको कथनले मात्र निजको पक्ष वा विपक्षमा स्वतः प्रमाणको स्थान ग्रहण गर्न सक्दैन बरु सो साबिती वा इन्कारी बयानलाई कुनै आधारभूत, तथ्यपरक, वस्तुनिष्ठ एवम् निश्चयात्मक प्रमाणबाट समर्थित गराउनुपर्ने"* (नेकाप २०७७, अंक ७, निनं. १०५४१) भन्ने सिद्धान्त समेत प्रतिपादन भएको अवस्था समेतलाई अनदेखा गरी प्रस्तुत मुद्दाका प्रतिवादीहरुले इन्कारी बयान गरेकै आधारमा कसुरबाट सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण देखिँदा बदरभागी छ ।<br>• अतः उल्लिखित आधार, कारण तथा न्यायिक सिद्धान्त समेतका आधारमा प्रतिवादीहरुलाई आरोप दावीबाट सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण हुँदा निज प्रतिवादीहरु मोहिबुल अन्सारी, ओम कुमार महतो, श्याम किशोर मण्डल, सदरुन निसा, विपिन बिहारी यदविर, पनु राय भन्ने पनु राय यादव, शेष सराहत, नजना खातुन, शेष समिउल्लाहलाई आरोप मागदाबी बमोजिम सजाय हुन सम्मानित अदालत समक्ष अनुरोध छ । |